**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**पाठ्यक्रम विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

पाठ्यपुस्तक छपाइ तथा वितरण गर्न इच्छुक मुद्रक तथा वितरकहरूलाई नवीकरण तथा सूचीकरणका लागि
प्रस्ताव पेस गर्नेसम्बन्धी सूचना
(पहिलो पटक प्रकाशित मिति २०७७।०८।२५)

पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७६ बमोजिम नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७७।०८।१७ को निर्णयानुसार शैक्षिक सत्र २०७८ का लागि देशभर कक्षा १ देखि ४ सम्मका चार रङका देहायका पाठ्यपुस्तक र अन्य पाठ्यसामग्री निजी क्षेत्रका मुद्रक तथा वितरकबाट छपाइ गरी बिक्री वितरण गर्ने प्रयोजनका लागि शैक्षिक सत्र २०७७ का लागि अनुमति पाएका फर्म/संस्थालाई नवीकरण गर्न तथा थप सूचीकृत हुन चाहने इच्छुक मुद्रक तथा वितरकले आफ्नो प्रोफाइलसहित यस केन्द्रबाट तोकिएको ढा“चामा यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस केन्द्रमा आइपुग्ने गरी रु. १०/- को टिकट टा“सी सिलबन्दी प्रस्ताव पेस गर्न यो सूचना प्रकाशन गरिएको छ । सिलबन्दी प्रस्ताव पेस गर्न आवश्यक फाराम रु. १०००।
(अक्षरेपि एक हजार पछि फिर्ता नहुने गरी ) तिरी यस केन्द्रबाट प्राप्त गर्न सकिने छ ।

**तपसिल**

**समूह : क**

(अ) कक्षा १, २ र ३ का मेरो नेपाली, My English Book, मेरो गणित र हाम्रो सेरोफेरो गरी ४ विषयका पाठ्यपुस्तकहरू

(आ) कक्षा ४ का मेरो नेपाली, मेरो गणित, My English Book, मेरो विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा र मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला गरी ५ विषयका पाठ्यपुस्तकहरू

**समूह : ख**

कक्षा १ को मेरो गणित र कक्षा ४ का मेरो गणित, मेरो विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा र मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला विषयका अङ्ग्रेजीमा अनूदित पाठ्यपुस्तकहरू, पाठ्यक्रमहरू, पाठ्यक्रम कार्यान्वयन निर्देशिकाहरू, शिक्षक निर्देशिकाहरू, परम्परागत तथा मातृभाषाका पाठ्यपुस्तकहरू तथा सन्दर्भसामग्रीहरू, केन्द्रबाट प्रकाशित अन्य सामग्रीहरू

**प्रोफाइलसिहतको प्रस्तावमा संलग्न हुनुपर्ने कागजातको विवरण**

१. संस्था/फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि (नवीकरणसमेत)
२. आयकर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि
३. सम्बन्धित संस्थाबाट छपाइ भई बजारमा मौज्दात रहेका पाठ्यपुस्तकहरूको विवरण
४. वितरण प्रणाली, भण्डारन व्यवस्था, गोदामको क्षमता तथा वितरण सञ्जाल
५. मुद्रण वा वितरण कार्य अरू संस्था वा फर्मस“ग मिली गर्ने भए सो संस्था र प्रस्तावक मुद्रक तथा वितरकबिच भएको सम्झौताको प्रतिलिपि तथा विगतमा सम्पन्न गरेका कार्यहरूको विवरण
६. छपाइ गर्न चाहेको पुस्तक, छपाइ गरी वितरण गरिने प्रदेशगत जिल्ला र छपाइ गर्ने अनुमानित पुस्तक सङ्ख्या
७. छपाइ मेसिनको विवरण:

(क) कक्षा १, २ र ३ का पाठ्यपुस्तक २१ से.मि र २८ से.मि. आकारमा बहुरङमा छपाइ गर्नुपर्ने भएकाले उक्त कार्यका लागि उपयुक्त प्रेस किसिम र क्षमता (साइज, छपाइ प्रेसको नाम, उत्पादन कम्पनी मोडेल, छपाइ क्षमता आदि ) खुल्ने विवरण

(ख) कक्षा ४ का १८ से.मि र २१ से.मि. आकारमा पाठ्यपुस्तक बहुरङमा छपाइ गर्नुपर्ने भएकाले प्रेसको किसिम र क्षमता (साइज, छपाइ प्रेसको नाम, उत्पादन कम्पनी मोडेल, छपाइ क्षमता आदि ) खुल्ने विवरण

८. गत आ.व. को आर्थिक कारोबारको विवरण तथा लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणको प्रतिलिपि

९. छपाइ तथा वितरण कार्यमा संलग्न जनशक्तिको विवरण
१०.मुद्रण तथा वितरणको कार्यतालिका (२०७७ फागुन १ बाट शैक्षिक सत्र सुरु हुने जिल्लामा २०७७ माघ १५ सम्म र २०७८ वैशाखबाट शैक्षिक सत्र सुरुहुने जिल्लामा २०७७ चैत्र १५ गतेसम्म पाठ्यपुस्तक पुऱ्याउने सुनिश्चितता हुनेगरी)
११. छपाइ गरेका पाठ्यपुस्तक देशभरि बिक्री वितरण गर्ने प्रतिबद्धताको सुनिश्चितता गर्ने कागजात संलग्न हुनुपर्ने छ ।

**मुद्रक तथा वितरकले पालना गर्नुपर्ने अन्य सर्त तथा थप जानकारीहरू**
१. निजी मुद्रक तथा वितरकबाट पेस हुने प्रोफाइलसहितका प्रस्तावहरू यस केन्द्रबाट तोकिएको सिलबन्दी प्रस्तावमा दिइएका मूल्याङ्कन सर्तका आधारमा हुनुपर्ने छ ।
२. नवीकृत तथा सूचीकृत हुन धरौटीबापत तोकिएको खातामा रु ५,००,०००/- (पाँच लाख) जम्मा भएको हुनुपर्ने छ ।
३. तोकिएबमोजिमको गुणस्तर स्पेसिफिकेसन (Quality specification_ अनुसार पाठ्यपुस्तक छपाइ र वितरण गर्नुपर्ने छ । केन्द्रले उपलब्ध गराएको मुद्रणीय प्रति (Print Ready Copy–PRC) छपाइ तथा वितरण गर्नुपर्ने, पाठ्यपुस्तकको प्रकाशक केन्द्र नै रहने एवम् सर्वाधिकारसमेत केन्द्रमा नै निहित रहने छ । निजी मुद्रक तथा वितरकले नेपाल सरकारले तोकेको मूल्यमा पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने छ ।
४. केन्द्रबाट प्रथम पटक पाठ्यपुस्तकहरूको मुद्रणीय प्रति प्राप्त गर्ने मुद्रक तथा वितरकले सेवा शुल्कबापत प्रतिपुस्तक
रु. १०,०००/- (अक्षरेपि दश हजार) तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्ने छ । एक पटक सूचीकृत भइसकेका फर्म तथा संस्था नवीकरण भएमा सेवा शुल्कबापत प्रत्येक वर्ष प्रतिपुस्तक रु ५,०००/- ( अक्षरेपि पाँच हजार) राजस्व तिर्नुपर्ने छ । मुद्रक तथा वितरकले राजस्व बुझाउँदा **समूह क** का सबै विषयका लागि अनिवार्य रूपमा र **समूह ख** का विषयमध्ये इच्छानुसार राजस्व बुझाई पिआरसी लिन सकिने छ । केन्द्रले उपलब्ध गराएको छपाइ गुणस्तर स्पेसिफिकेसन (Quality specification_ बमोजिमको पाठ्यपुस्तक छपाइ र वितरण नभएको पाइएमा, मुद्रण तथा वितरण कार्य तालिकाअनुसार कार्य नगरेमा र केन्द्रले दिएको निर्देशन पालना नगरेमा निर्देशिकाबमोजिम कारबाही गरिने छ । कारबाहीमा परेका मुद्रक तथा वितरकले अर्को वर्षमा पाठ्यपुस्तक छपाइ र वितरण कार्यमा संलग्न हुन पाउने छैनन् र धरौटी रकमसमेत जफत हुन सक्ने छ ।
५. सूचीकृत भएका फर्म/संस्थालाई छपाइ गर्न दिने पाठ्यपुस्तक सेट सङ्ख्या विद्यार्थी सङ्ख्या र छपाइ क्षमताका आधारमा केन्द्रले निर्धारण गरेबमोजिम हुने छ ।
६. पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७६  र प्रचलित ऐन नियमानुसार हुने छ ।
७. प्राप्त प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहने छ ।
८. यससम्बन्धी अन्य कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस केन्द्रमा सम्पर्क (फोन न.०१६६३४९१६) राखी बुझ्न सकिने छ ।
९.पाठ्यसामग्री छपाइ गर्न चाहेको समूह यस केन्द्रले उपलब्ध गराएको प्रस्ताव फाराममा स्पष्ट खुलेको हुनुपर्ने छ ।
यो सूचना यस केन्द्रको वेबसाइट : www.moecdc.gov.np  बाट समेत प्राप्त गर्न सकिने छ ।